# स्वस्थ नेपालका लागि स्वस्थ चिकित्सक

नेपाल चिकित्सक संघको आगामी निर्वाचनमा लोकतान्त्रिक समूहका उम्मेदवारहरूलाई
आफ्नो अमूल्य मत प्रदान गरी विजयी गराउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

## टिम अनिल उम्मेदवार



**Dr Anil Bikram Karki**
MBBS-Manipal (KU), MS (Sunyatsen, China)
President
9855058962



**Dr Niraj Kumar Singh**
Vice President
(Madhesh Province Coordinator)
9855033052



**Dr Prakash Budhathoky**
Vice President
(Bagmati Province Coordinator)
9841336943



**Dr Rajan Sharma**
Vice President
(Gandaki Province Coordinator)
9856051931



**Dr Prashant Bhatta**
Vice President
(Sudurpaschim Province Coordinator)
9851144922



**Dr Sanjeeb Tiwari**
General Secretary
9851167722



**Dr Amit Ranjan Mishra**
Member
9814226940



**Dr Kishor Khatri**
Member
9801020835



**Dr Manor Din Shaiyed**
Member
9841201022



**Dr Srijana Bista**
Member
9841532483



**Dr Tejsu Singh Malla**
Member
9802111658



**Dr Yoveen Kumar Yadav**
Member
9854024260

## निर्विरोध निर्वाचित



**Dr Badri Rijal**
Senior Vice President
9851148699



**Dr Bipesh Acharya**
Vice President
(Province 1 Coordinator)
9842146732



**Dr Nanda Kumari Gurung**
Vice President
(Lumbini Province Coordinator)
9847031486



**Dr Keshar Bahadur Dhakal**
Vice President
(Karnali Province Coordinator)
9868730856



**Dr Pramod Joshi**
Treasurer
9841525670



**Dr Leison Maharjan**
Joint Secretary
9841190258



**Dr Bikrant Dhakal**
Joint Treasurer
9851164636

## आदरणीय अग्रज तथा चिकित्सक साथीहरू

नेपालको सबैभन्दा पहिलो पेसागत संगठन र नेपाली चिकित्सकहरुको छाता संस्था नेपाल चिकित्सक संघले आफ्नो सात दशक यात्रा पूरा गरिसकेको छ । 'एकता, भाइचारा, मानव सेवा' भन्ने आदर्शलाई मूल मन्त्र बनाएर अगाडि बढेको यो संस्थाले चिकित्सकहरुको पेसागत हकहितसँगै स्वास्थ्य सेवाको नीतिगत तहदेखि जनताले गुणस्तरीय स्वास्थ्य सेवा पाउने हकसम्मका विषयमा काम गर्दै आइरहेको छ । संघमा नयाँ कार्यकारिणी समितिको निर्वाचन हुँदैछ । आदरणीय अग्रजलाई सम्मान गर्दै युवा चिकित्सकहरुको भावना बुझ्दै तपाईंको बीचमा आएका छौं । यही २०७९ साल **माघ ६ र ७ गते** काठमाडौं उपत्यकाबाहिर र **माघ १९, २० र २१ गते** काठमाडौं उपत्यकाभित्र हुने निर्वाचनमा लोकतान्त्रिक समूहका उम्मेदवारलाई मतदान गरी अत्यधिक मतले विजयी गराउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

## आदरणीय चिकित्सक साथीहरू,

पछिल्लो तीन वर्ष चिकित्सक संघका लागि मात्र होइन सम्पूर्ण मानवजगत र विश्व समुदायका लागि नै निकै कठिन र जटिल समय थियो । उक्त समयमा सबैभन्दा बढी जोखिममा अग्रपंक्तिमा खटिएका हामी चिकित्सकहरु नै थियौं । चिकित्सकहरुले कोभिड-१९ विरुद्धको यो लडाईंमा खेलेको भूमिकालाई हामीले नमन गर्नैपर्छ । महामारीले गरेको क्षतिसँगै हामीलाई स्वास्थ्य प्रणाली सुधारका लागि ठूलो अवसरको बाटो पनि खोलिदिएको छ । अहिले निर्वाचनमा होमिँदै गर्दा हामी चिकित्सकहरुको समग्र पेशागत हकहितसँगै स्वास्थ्य प्रणाली सुधारका लागि गर्नुपर्ने नीतिगत, कानुनी र संरचनागत सुधारका विषयमा पहलकदमी लिँदै अगाडि बढ्ने विश्वास दिलाउन चाहन्छौं ।

## तीन वर्षमा भएका प्रमुख उपलब्धि

कोभिड-१९ को कहरका बाबजुद पनि हालको वर्तमान कार्यकारिणी समितिले तीन वर्षको कार्यकालमा नेपाल चिकित्सक संघमा रहेर उल्लेख्य कामहरु गर्न सफल भएको छ । २०७६ साल फागुन १७ गते देखि कार्यभार सम्हालेपश्चात् संघले चिकित्सकहरुको पेसागत हकहित, सुरक्षा, स्वास्थ्यको नीति निर्माणदेखि गुणस्तरीय स्वास्थ्य सेवा पाउनु पर्ने नागरिकको हकको रक्षाका लागि काम गरेको छ ।

- कार्यसमितिले जिम्मेवारी सम्हालेको एक साताभित्र नै चीन लगायतका देशमा कोरोना भाइरसको संक्रमण फैलिएको भन्दै नेपालमा पनि आवश्यक तयारी, जनचेतना जगाउने, सुरक्षित रहनका लागि गर्नुपर्ने सावधानि लगायतका विषयमा वृहत छलफल गर्दै सरकारलाई सात बुँदे ज्ञापनपत्र बुझाउँदै दबाब दिएका थियौँ ।
- अग्रपंक्तिमा खटिएका देशभरका चिकित्सलाई पिपिई, एप्रोन, मास्क, स्यानिटाइजर लगायतका स्वास्थ्य सामग्री उपलब्ध गरायौं । नागरिकलाई विशेषज्ञ चिकित्सकको परामर्श सेवाका लागि टेलिमेडिसिन सेवा, कल सेन्टर सेवा सुरु गऱ्यौं । अस्पताल तथा स्वास्थ्य संस्थामा अक्सिजन प्लान्ट, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटर, मोनिटर, लगायतका महत्वपूर्ण मेडिकल सामग्री वितरण गरेका थियौँ ।
- चिकित्सकहरुलाई ड्यूटीमा जान सुरक्षित होस् भन्नका निम्ति Identity Jacket वितरण गरेका थियौँ ।
- महामारीको समयमा संघले क्रिटिकल केयरसँग सम्बन्धित तालिम १२ हजार ५ सय जनालाई, स्ट्रेस म्यानेजमेन्ट सम्बन्धि तालिम, फस्ट एड तालिममा पाँच हजारभन्दा बढीलाई दिन सकिएको थियो ।
- संघले दुई वटा राष्ट्रिय स्वास्थ्य शिखर सम्मेलन सफलतापूर्वक सञ्चालन गरिसकेको छ । यो सम्मेलन केवल शैक्षिक गतिविधिमा मात्र केन्द्रित नभई समग्र नेपालको स्वास्थ्य प्रणालीलाई विश्वसामु प्रतिस्पर्धात्मक रुपमा कसरी अगाडि बढाउन सकिन्छ भन्ने सम्बन्धमा ठोस रणनीतिमूलक कार्ययोजना तर्जुमा गर्न सहजीकरण होस् भनेर आयोजना गरिएको हो ।
- महिला चिकित्सकहरुको योगदानलाई कदर गर्दै राष्ट्रपतिबाट सम्मान गर्ने काम पनि हुँदै आइरहेको छ । 'Women In Medicine' नामको उक्त कार्यक्रम हरेक वर्ष हुनेछ । दुई वर्षमा ३० जना महिला चिकित्सक सम्मानित भइसक्नुभएको छ ।
- संघले तीन वर्षको यो अवधिमा झण्डै दुई दर्जनभन्दा बढी संघ-संस्थाहरुसँग चिकित्सकहरुको हकहितका लागि सम्झौता गरेर आवश्यक काम अगाडि बढाइएको छ । चिकित्सकहरुलाई अध्ययन, अनुसन्धान, तालिममा सहयोग, अनुदान उपलब्ध गराउनुका साथै सम्मान र अवार्ड गर्ने लगायतका निकै नै महत्वपूर्ण सम्झौता भएका छन् ।
- चिकित्सकहरुको पेसागत सुरक्षा र वृत्तिविकासमा संघले महत्वपूर्ण काम गरेको छ । तलब, करका विषयमा देखिएको समस्या समाधानका लागि स्वास्थ्य मन्त्रालयमा गरिएको पहल अर्थ मन्त्रालयमा पुगेको छ ।
- यो कार्यकालमा भएको अर्को महत्वपूर्ण उपलब्धि भनेको चिकित्सक तथा स्वास्थ्यकर्मीको सुरक्षा सम्बन्धी कानुनको हो । 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन), ऐन २०७९ पारित भइसकेको छ।
- MEC मार्फत पिजीमा सिट बढाउन सफल भएका छौं ।
- नेपालको इतिहासमा नै पहिलो पटक 'मेडिकल म्युजियम' निर्माणको काम अगाडि बढेको छ ।
- युवा चिकित्सकहरुलाई ध्यानमा राखी संघको कार्यालयमा ५० जनासम्म अट्ने Free Reading Room (NMA JDC) सञ्चालमा ल्याएका छौं ।
- JNMA लाई मासिक रुपमा प्रकाशनमा ल्याएका छौं ।
- चिकित्सकले लिने परामर्श शुल्क लामो संघर्षपछि समयानुकल बढाउन सफल भएका छौं । यसका साथै नेपाल चकित्सक संघले प्रत्येक दुई वर्षमा परिमार्जन गर्ने अधिकार समेत प्राप्त गरेका छौं ।
- चिकित्सक र चिकित्सकका परिवारलाई संघको कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउने व्यवस्था गरेको ।

विगतमा सुरु गरेका र अगाडि बढाइएका कामहरुको निरन्तरतासँगै यसपटकको निर्वाचनमा हामी निम्न प्रतिवद्धता लिएर तपाईंहरुको माझमा आएका छौं ।

## हाम्रो प्रतिवद्धता

### स्वस्थ नेपालका लागि स्वस्थ चिकित्सक

चिकित्सकहरू शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपले स्वस्थ हुनुपर्छ । तर नेपालको सन्दर्भमा चिकित्सकको तलब निकै कम छ भने थोरै जनशक्तिले धेरै बिरामीको उपचार गर्नुपर्ने बाध्यता छ । कामको अत्यधिक चाप, पारिवारिक समय कम र तनाव, डर, त्रास र धम्कीले मानसिक तनाव, कार्यक्षेत्रमा असुरक्षा जस्ता समस्याले चिकित्सकहरु स्वस्थ हुन सकेका छैनन् । चिकित्सकहरु स्वस्थ भएमा मात्र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सम्भव छ । चिकित्सकलाई स्वस्थ र खुसी राख्दै पेसागत रुपमा थप निपुण बनाउने विषयमा हामी सरकारसँग पहल गर्नेछौं ।

- चिकित्सकहरुको तह, अनुभव र कार्यविभाजनका आधारमा तलब, भत्ता लगायतका सेवा सुविधामा रहेको विभेद समाधानका लागि हाम्रो पहलमा गठन भएको 'चिकित्सकको सेवा सुविधा निर्धारण समिति'ले प्रतिवेदन तयार पारी स्वास्थ्य मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पुगिसकेको छ । सबै तहमा समयानुकुल वैज्ञानिक ढंगमा तलब, भत्ता लगायतका सेवा सुविधा तोक्नुपर्ने सुझावसहित पेस भएको उक्त प्रतिवेदन छिटोभन्दा छिटो कार्यान्वयनमा ल्याउन आवश्यक दबाब दिइनेछ ।
- निजी क्षेत्रमा कार्यरत चिकित्सकहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधामा रहेको विभेद समाधानका लागि हाम्रो पहलमा निजी अस्पतालहरुको छाता संस्था अफिनसँग सहमती भएको छ । निजी क्षेत्रका चिकित्सकहरुको पारिश्रमिक तथा सेवा सुविधा पनि न्यूनतम सरकारी चिकित्सकहरुको सरह नै बनाउने उक्त सहमती कार्यान्वयनमा ल्याउन आवश्यक कदम चालिनेछ ।
- चिकित्सकहरुलाई अनुसन्धान र शैक्षिक अनुदान उपलब्ध गराउनेदेखि इन्धन, आवास, ओभरटाइम लगायतका भत्ता अनिवार्य रुपमा वैज्ञानिक ढंगले उपलब्ध गराउन पहलकदमी लिइनेछ ।
- चिकित्सकहरुलाई जोखिम भत्ता कम्तीमा न्यूनतम १०० प्रतिशत उपलब्ध गराउनका लागि पहल गर्ने ।
- नेपाल मेडिकल काउन्सिलबाट लाइसेन्स प्राप्त सम्पूर्ण चिकित्सकहरुका लागि जीवन बीमा, स्वास्थ्य बीमा, घातक रोगविरुद्धको बीमा, दुर्घटना बीमा, Professional Liability Insurance निःशुल्क रुपमा अनिवार्य सरकारले गरिदिने कानुनी व्यवस्था ल्याउँदै कार्यान्वयनमा ल्याउन पहलकदमी लिइनेछ ।
- सम्पूर्ण नेपाली चिकित्सकहरुले अतिरिक्त समयमा गरेका पटके आम्दानी (Income from Consultation Service during extra/off hours) मा हाल विद्यमान १५ प्रतिशत TDS लाई नै अन्तिम कर (Final Tax) हुने व्यवस्था लागू गर्न दबाब सिर्जना गरिनेछ ।
- देशभरका अस्पतालमा चिकित्सक तथा उनीहरुको परिवारले निःशुल्क उपचार लगायतका स्वास्थ्य सेवा पाउनुका साथै उनीहरुका लागि विशिष्टिकृत उपचार प्रदान गर्न डेडिकेटडे डअस्पताल निर्माण गर्न पहल गरिनेछ ।
- चिकित्सकको थप अध्ययनसँगै उनीहरुका सन्तानको शिक्षाका लागि उचित व्यवस्था गर्न पहलकदमी लिइनेछ ।
- अग्रज चिकित्सकहरुलाई सम्मान गर्दै उहाँहरुको अनुभव र सिकाइलाई युवा चिकित्सकहरुमाझ आदानप्रदान गर्ने वातावरण बनाइनेछ । साथै अग्रज चिकित्सकहरुले चिकित्सा क्षेत्रमा अनवरत गरेको योगदानलाई प्रोत्साहन गरिनेछ ।
- युवा चिकित्सकहरुको क्षमता अभिवृद्धिका लागि विशेष अवसरहरु सिर्जना गरिनेछ ।
- अग्रज चिकित्सकहरुलाई निःशुल्क एम्बुलेन्स सेवासहित परामर्श उपलब्ध गराइनेछ ।
- चिकित्सकले विशेषगरी आवासीय (रेजिडेन्ट) चिकित्सक र मेडिकल अफिसरहरुले अस्पतालमा लामो समय काम गर्नुपर्ने बाध्यात्मक अवस्था छ । लगातार ३६ घण्टा वा त्योभन्दा बढी काम गर्नुपर्दा उनीहरुको शारीरिक तथा मानसिक स्वास्थ्यमा समेत असर परिरहेको छ । त्यसकारण आवासीय चिकित्सक, मेडिकल अफिसरसहित अन्य चिकित्सकहरुको ड्यूटी समयलाई वैज्ञानिक ढंगले निर्धारण गरी कार्यान्वयनमा ल्याउन पहल गर्नेछौं ।
- चिकित्सकहरुलाई वर्षमा एक पटक अनिवार्य रुपमा १५ दिनको फोर्स भ्रमण लिभ लिने व्यवस्थाका लागि पहल गरिनेछ ।
- आवासीय चिकित्सकहरुलाई समयमा नै सरकारी सरह तलब सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

### पर्याप्त जनशक्ति र स्थायित्व

नेपालको जनसंख्याको अनुपातमा चिकित्सकहरुको दरबन्दी निकै कम छ । सरकारी सेवासँगै निजी संस्थामा पनि चिकित्सकहरुका लागि धेरैभन्दा धेरै अवसर खुला गर्न आवश्यक छ । स्वास्थ्य सेवाका जनशक्ति, बजेट र पूर्वाधार (उपकरणसहित) Three pillars बिना गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सम्भव छैन । जनशक्ति स्वास्थ्य सेवाको मेरुदण्ड हो । त्यसकारण स्वास्थ्य सेवामा जनशक्तिको उचित र पर्याप्त व्यवस्थापन गर्न अपिरहार्य छ ।

- जनशक्तिको उचित र पर्याप्त व्यवस्थापनका लागि शिक्षक सेवा आयोग जस्तै स्वास्थ्य क्षेत्रमा छुट्टै चिकित्सक सेवा आयोगको स्थापना हुनुपर्छ ।
- जनशक्तिको वैज्ञानिक म्यापिङ गर्दै त्यही अनुसार चिकित्सकको तहगत आधारमा (मेडिकल अफिसरदेखि विशिष्टकृतसम्म) दरबन्दी खुलाउन सरकारलाई दबाब दिनेछौं ।
- चिकित्सक सेवा आयोग गठन हुनुभन्दा पहिला स्वास्थ्य मन्त्रालयमार्फत लोक सेवा आयोगलाई अर्धवार्षिक रुपमा चिकित्सकको विज्ञापन खुलाउन पहलकदमी लिनेछौं ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा छुट्टै मानव संशाधन महाशाखाको स्थापनाका लागि पहल गर्नेछौं ।

- करार र ज्यालादारी सेवामा रहेका चिकित्सकलाई स्थायी हुने अवसर सिर्जना गर्न पहल गर्ने ।
- स्थानीय तह अन्तर्गत रहेका सरकारी चिकित्सकहरुलाई संघीय सरकार अन्तर्गत नै राख्नका लागि पहल गरिनेछ ।

### सुरक्षित कार्यक्षेत्रका लागि हाम्रो निरन्तरता

सेवा प्रवाहको क्रममा निरन्तर खटिरहेका चिकित्सकमाथि हुने भौतिक र मानसिक आक्रमणका घटना रोक्नका निम्ति हामीले लामो समयदेखि कडा कानुनको माग गर्दै आइरहेका थियौँ । हाम्रो माग अनुसार सरकारले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन), ऐन २०७९' पारित गरेको अवस्था छ ।

- 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन), ऐन २०७९'को सतप्रतिशत कार्यान्वयनका लागि निरन्तर लागिपर्नेछौं ।
- चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमण, तोडफोड लगायतका घटना न्यूनीकरणका लागि देशका विभिन्न स्थानमा जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन), ऐन २०७९'लाई कार्यान्वयनमा ल्याउन सबै जिल्ला प्रशासन कार्यालय एवं जिल्ला न्यायाधिवक्ताको कार्यालय लगायतका नियमनकारी निकायसँग समन्वय गरिनेछ।
- मुलुकी अपराध (संहिता) ऐनको इलाज सम्बन्धी दफालाई थप परिमार्जन गरी कार्यान्वयनका लागि सरोकारवाला निकायमा समन्वय गर्नेछौं ।
- अस्पताल लगायत स्वास्थ्य संस्थाको सुरक्षाका निम्ति छुट्टै 'स्वास्थ्य सुरक्षा बल' बनाउनका लागि पहल गरिनेछ ।

### चिकित्सक ऐनको आवश्यकता

- स्वास्थ्य सेवा छुट्टै विशिष्टिकृत सेवा भएकाले स्वास्थ्य क्षेत्रमा जनशक्ति सबल, सक्षम र प्रभावकारी बनाउँदै यसको उचित व्यवस्थापन र वृत्तिविकासका लागि चिकित्सक ऐनको विकास गर्नुपर्दछ ।

### गुणस्तरीय चिकित्सा शिक्षा र प्रभावकारी स्वास्थ्य सेवा

- चिकित्सा शिक्षा अन्तर्गत स्नातकोत्तर तह (पिजी)मा सिट संख्या बढाउन पहल गरिनेछ ।
- पिजी अध्ययनका लागि एक वर्षको अनुभव अनिवार्य रहेको व्यवस्था हटाउनका लागि पैरवी गरिनेछ ।
- चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षालाई वर्षमा कम्तीमा दुई पटक लिने व्यवस्थाका लागि पहल गरिनेछ ।
- चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षामा विद्यार्थीको विवरण Answer sheet मा Prefilled हुने व्यवस्था मिलाउन पहल गरिनेछ ।
- चिकित्सा शिक्षा आयोगको म्याचिङ प्रक्रियालाई वैज्ञानिक रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ ।
- चिकित्सा शिक्षाको एमबिबिएस र बिडिएस अध्ययनका लागि नेपाली विद्यार्थीहरुलाई उच्च प्राथमिकतामा राख्दै विदेशी विद्यार्थीलाई आकर्षण गर्ने नीति अवलम्बनका लागि जोड दिइनेछ ।
- चिकित्सकहरुको प्रमाणपत्रको समकक्षता निर्धारणका लागि छुट्टै समकक्षता बोर्ड बनाउन चिकित्सा शिक्षा ओयोगमा पहल गरिनेछ ।
- नेपाल मेडिकल काउन्सिलबाट जारी गरिने अस्थायी अनुमति पत्रको व्यवस्था खारेज गर्न दबाब दिइनेछ ।
- संविधानमा उल्लेखित आधारभूत स्वास्थ्य सेवाको यथोचित कार्यान्वयनका लागि शिक्षण संस्थाहरुले विशेषज्ञसहितको स्वास्थ्य सेवा समुदायमा प्रवाह गर्न विशेष पहल गरिनेछ ।
- सेन्टर फर डिजिज कन्ट्रोल (सिडिसी) स्थापनाका लागि पहल गरिनेछ ।
- विभिन्न विशेषज्ञ चिकित्सक समाजहरुसँग समन्वय गरेर डिजिज प्रोटोकल र प्रिभेन्टिभ गाइडलाइन्स बनाउने काममा तीव्रता दिइनेछ ।

### नेपाल चिकित्सक संघको संस्थागत विकास र विस्तार

- संघीय संरचना अनुसार नेपाल चिकित्सक संघलाई सात वटै प्रदेशमा कार्यालय स्थापना गरिनेछ ।
- नेपाल चकित्सक संघमा सञ्चालनमा रहेको Study Room लाई डिजिटलाइज्ड गरिनेछ ।
- जर्नल अफ नेपाल मेडिकल एसोसिएसन (JNMA)लाई छुट्टै Academic and Research Wings को रुपमा विस्तार गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसँग समन्वय गरी तालिम, गोष्ठी, सेमिनार, अध्ययन लगायतमा धेरैभन्दा धेरै चिकित्सकको सहभागिता हुने वातावरण बनाइनेछ ।
- संघको कार्यालयमा ऐतिहासिक NMA Medical Museum को स्थापना गरिनेछ ।
- एनएमए Media Room स्थापना गरिनेछ ।
- संघमा रहेको चिकित्सक कल्याणकारी कोषलाई थप विस्तार गर्दै लगिनेछ ।
- संघका सदस्यहरुलाई NMA Privilege Card र Soft Loan को व्यवस्था गरिनेछ ।

## मतदान मिति

काठमाडौं उपत्यका बाहिर : २०७९ माघ ६ र ७ गते बिहान ९ देखि ४ बजेसम्म (संघका शाखा कार्यालय)

**20, 21 (Friday and Saturday) Jaunury, 2023**

काठमाडौं उपत्यका भित्र : २०७९ माघ १९, २० र २१ गते बिहान ९ देखि ५ बजेसम्म (संघको केन्द्रीय कार्यालय)

**2, 3, 4 (Thrusday, Friday and Saturday) February, 2023**